**संघीय संसद**
**प्रतिनिधि सभा**
**विकास तथा प्रविधि समिति**
**बैठक संख्या : १२७**

मितिः २०७८/०७/०७

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्वद्ध पदाधिकारीहरुसँग हालैको बाढी पहिरोको कारण देशका विभिन्न स्थानका सडक तथा पुलहरुमा पुगेको क्षतिका साथै पुष्पलाल (मध्य पहाडी) राजमार्गको हालसम्मको कार्यप्रगति र यसको सडक सीमा निर्धारण (Right of way) सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नवनियक्त नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री मा. रेनुकुमारी यादवलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको मुलुक हो । नेपालमा हरेक वर्ष आउने बाढी पहिरोबाट हुने क्षतिलाई न्यूनीकरण गर्न दूरगामी महत्वको दीर्घकालीन कार्यक्रम र कार्ययोजना बनाएर त्यसको कार्यान्वयन गर्नु अहिलेको मुख्य आवश्यकता हो । हालैको बेमौसमी वर्षाका कारण आएको बाढी पहिरोमा परी ज्यान गुमाउनेहरु प्रति समिति हार्दिक श्रद्धान्जली तथा मृतकका परिवारहरुप्रति समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वस्थ्य लाभको कामना गर्दछ । बाढी प्रभावित क्षेत्रमा तत्काल राहत उद्दार तथा खोजका कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी घाइतेहरुको उपचार र बाढी प्रभावितहरुलाई उचित राहत उपलब्ध गराउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालाय र गृह मन्त्रालयलाई निर्देश गर्दछ ।

३ हालैको वर्षाका कारण अवरुद्ध भएका सडक तथा पुलहरु तत्काल सञ्चालनमा ल्याउन एवं सनाङ, बझाङ, बाजुरा लगायतका जिल्लामा पुग्ने सडकहरु पूर्ण रुपमा अवरुद्ध भएकोले अस्थायी रुपमा तत्काल यातायात सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना आ.व. २०६४/६५ मा प्रारम्भ भई आ.व. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा अहिले २०७८ सालसम्म आइपुग्दा १४ वर्षको अवधीमा जम्मा ५८ प्रतिशत मात्र भौतिक प्रगति सम्पन्न भएको अवस्था छ । आयोजनाले हालै आ.व. २०७९/८० सम्ममा काम सम्पन्न गर्ने लक्ष्य राखिरहँदा अबको २ वर्षमा ठेक्का लाग्न बाँकी खण्डको ठेक्का प्रक्रिया पूरा गरेर तोकिएको समयमा राजमार्ग निर्माण गर्न सकिने विश्वसनिय तथ्य र आधार स्पष्ट गरी आयोजनाको काम अगाडी बढाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको २०७६/०२/१७ गते बसेको ३७औं बैठकले, "पुष्पलाल (मध्य पहाडी) राजमार्गको मार्गाधिकार (Right of way) निर्धारण गरी जमिनको लगतकट्टा गर्ने व्यवस्था चालु आ.व. २०७५/०७६ भित्रै मिलाउन

एवं हिमाल, पहाड र तराई/मधेशको वातावरण/मौसमलाई मध्यनजर गरी ठेक्का अवधि, संरचनाको डिजाइन, उपयोग हुने निर्माण सामाग्री, सडकको मापदण्ड र मार्गाधिकार (Right of way) तोक्न ।" भनि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दिएको निर्देशन प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति गम्भीरता पूर्वक पुनः निर्देश गर्दछ ।

६ मुलुकको विकास निर्माणसँग सम्बन्धित पूर्वाधार निर्माणका कार्यहरुलाई चुस्त दुरुस्त रुपमा अगाडी बढाउन विद्यमान कानूनमा रहेका व्यवस्था र प्रावधानहरुले प्रशस्त मात्रामा अवरोध सिर्जना गरिरहेका छन् । विकास निर्माणसँग सम्बन्धित यस्ता कार्यहरु विकासमैत्री ढङ्गले निर्धारित समयमा सम्पन्न गर्ने वातावरण सुनिश्चित गर्नका लागि विद्यमान कानूनका त्यस्ता प्रावधानहरुमा संशोधन गर्ने कार्य तत्काल अगाडी बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

७ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग पश्चिम खण्डको स्थलगत अनुगमन प्रतिवेदन, २०७७ समितिमा छलफल भई पारित गरियो ।

८ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति